
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ८९ पृष्ठ ८ | काठमाडौं, सोमबार १४ साउन २०८१ | श्रावण कृष्णपक्ष नवमी, नेपाल संवत् ११४४ | MONDAY, JULY 29, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## अन्नपूर्ण क्षेत्रको नियति

# आम्दानीमा तीनै तहको नजर, संरक्षणमा कोही भएन अग्रसर

जलवायु परिवर्तन, बस्ती नै नभएका ठाउँमा पनि भइरहेका अन्धाधुन्ध विकास, त्यस क्रममा जैविक विविधताको बेवास्ता आदि कारण हिमालका फेदी क्षेत्रहरूमा पानी अभाव बढ्दो छ। देशकै सबैभन्दा ठूलो अन्नपूर्ण संरक्षण क्षेत्रमा पदयात्रामा जानेहरू पानीकै लागि भौतारिन्छन्। यस क्षेत्रबाट आउने आम्दानीमा राज्यका तीनै तहका सरकारबीच हारालुछ चल्छ। जब कि संरक्षणमा कसैको चासो छैन। जसले गर्दा यो ठाउँ उराठ हुँदै गएको छ।


**कृष्णमणि बराल** | *पोखरा*

– को रिपोर्ट

समाचार पृष्ठ २

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने लोमान्थाङ गाउँपालिका २ को यो साम्जोङको बस्ती गाउँमा रहेका पानीका स्रोत सुक्दै गएपछि अन्यत्र सरेको छ। ● कृष्णमणि बराल

## ‘हाम्रो ब्लड बैंक हामी बनाउँछौं’



**बाबुराम कार्की**

इजलास

पाल्पामा ३ वटा ठूला अस्पताल भएकाले सधैं रगतको अभावले बिरामीलाई परेको समस्या समाधानका लागि जिल्लाको नवनिर्वाचित सिँगो रेडक्रसकर्मी लागिरहेका छौं। पाल्पामा वार्षिक ४ हजार युनिट रगतको आवश्यकता पर्छ। १८ महिनादेखि नवनिर्वाचित कार्यसमितिले पाल्पामा ‘हाम्रो ब्लड बैंक हामी बनाउँछौं’ अभियान चलाइएको हो।

ब्लड बैंक सञ्चालन गर्ने निर्णय त भयो तर हामीसँग एक पैसा रकम थिएन। हामी रकम संकलनको अभियानमा लागेका छौं। रकम संकलनका लागि केन्द्रको नियमअनुसार २ थरी सदस्यता खुलाएर र स्मृति कोषमार्फत सहयोग संकलन अभियान चलाएका छौं। जसमा सदस्यहरूबाट सहयोग उठाइरहेका छौं। रकम सहयोग गर्ने व्यक्ति संघसंस्थालाई रेडक्रसको सदस्यसँगै ब्लड बैंक सहयोगी दाताका रूपमा ताम्रपत्रमा नाम उल्लेख गरिने छ। व्यक्तिगत, तथा विभिन्न संघसंस्थाबाट अहिलेसम्म ब्लड बैंकका लागि करिब ४० लाख रुपैयाँ नगद संकलन गरिसकेका छौं। सहरी विकास तथा भवन डिभिजन कार्यालयबाट १ करोड ५३ लाख र स्वास्थ्य मन्त्रालयबाट ५० लाख रुपैयाँ भवन तथा उपकणका लागि बजेट विनियोजन भएको छ।

स्वदेश तथा विदेशमा रहेका पाल्पालीहरू तथा संघसंस्थालाई सहयोगका लागि अपिल गर्दै आएका छौं। ब्लड बैंक सञ्चालनका लागि करिब ५ करोड ७५ लाख ६४ हजार रुपैयाँ बजेट आवश्यक पर्नेमा ३ करोड रुपैयाँ मुद्दतीमा राखेर कर्मचारी र प्रशासनिक खर्च चलाउने र पौने ३ करोड रुपैयाँ भवन र जग्गामा खर्च हुनेछ। आउँदो मंसिर महिनाभित्र ब्लड बैंक सञ्चालनका लागि हामी सबै दिनरात नभनी खटिएका छौं।

*(कार्की, नेपाल रेडक्रस सोसाइटी पाल्पाका सभापति हुन्।)*

# पूर्वमन्त्री जोशी भ्रष्टाचारी ठहर

## ९ महिना कैद र ६९ लाख १५ हजार जरिवाना

**दिनेश गौतम** | *काठमाडौं*



सर्वोच्च अदालतले पूर्वमन्त्री गोविन्दराज जोशीले भ्रष्टाचार गरेको ठहर गर्दै ९ महिना कैद र ६९ लाख १५ हजार जरिवानाको फैसला गरेको छ।

न्यायाधीशद्वय विनोद शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासले जोशीलाई गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको अभियोगमा दोषी ठहर गरेको छ। सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेले जोशीलाई कैदका साथै जरिवानाको फैसला भएको जानकारी दिए। यसअघि विशेष अदालतले गरेको फैसला सर्वोच्चले उल्ट्याएको हो।

विशेष अदालतले पहिलो चोटी हदम्यादका आधारमा पूर्वमन्त्री जोशीलाई २०६३ कात्तिक ३० गते सफाइ दिने फैसला गरेको थियो। विशेष अदालतका तत्कालीन अध्यक्ष भूपध्वज अधिकारीको नेतृत्वमा कोमलनाथ शर्मा र चोलेन्द्रशमशेर राणाको इजलासले सफाइ दिने फैसला गरेको हो। त्यसपछि सर्वोच्चको आदेशपछि पुन: दायर मुद्दामा विशेष अदालतले डेढ वर्ष कैद सजाय र २ करोड १६ लाख १४ हजार ३ सय ७६ रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो।

**दुई दशकपछि टुंगियो**

अख्तियार दुरुपयोगमा अनुसन्धान आयोगले भ्रष्टाचार गरेको अभियोगमा मुद्दा दायर गरेको दुई दशकपछि टुंगो लागेको छ। अख्तियारले विशेष अदालतमा २०६० पुस १८ गते गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा मुद्दा दायर गरेको थियो। जोशीलाई ३ करोड ९३ लाख ६२ हजार ५ सय ७६ रुपैयाँको बिगो कायम गरी मुद्दा दायर गरिएको थियो। तर, विशेष अदालतले सार्वजनिक पदबाट अवकाश पाएको एक वर्षभित्रको हदम्याद देखाउँदै सो समयभित्र मुद्दा पेस नभएको तर्क गर्दै सफाइ दिएको थियो। अभियोग पत्र खारेज गर्ने विशेष अदालतको फैसला त्रुटिपूर्ण रहेको दाबी गर्दै अख्तियारले सर्वोच्चमा पुनरावेदन गरेको थियो। सर्वोच्चले मुद्दाको प्रारम्भिक सुनुवाइ गर्न विशेष अदालतलाई आदेश दिएको थियो।

सोही आदेशअनुसार पुन: दोस्रोपटक मुद्दा दायर भएको थियो। अख्तियारले जोशीसँगै गैरकानुनी सम्पत्ति लुकाएको आरोपमा ६ जनाविरुद्ध मुद्दा दायर गरेको थियो। विशेष अदालतका तत्कालीन अध्यक्ष गौरीबहादुर कार्की र सदस्यद्वय ओमप्रकाश मिश्र र केदारप्रसाद चालिसेको इजलासले जोशीले भ्रष्टाचार गरेको ठहरसहित डेढ वर्षको कैद सजाय र २ करोड १६ लाख १४ हजार ३ सय ७६ रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो। विशेष अदालतको फैसलाविरुद्ध जोशी र उनका परिवारका सदस्यले २०६९ फागुन ६ मा सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेका थिए। त्यसपछि अदालती प्रक्रियामा पटक-पटक पेसी सर्दै आएको थियो।

सर्वोच्चले जोशीसँगै प्रतिवादी बनाइएका ताराराज पाण्डे र दिनेशराज जोशीलाई पुनरावेदन जिकिर नपुग्ने भन्दै सफाइ दिएको छ। शिक्षा र गृहमन्त्री भइसकेका जोशीले आफ्नो कार्यकालमा निकै विवादित बनेका थिए। उनी शिक्षामन्त्री हुँदा अख्तियारले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पत्रसमेत पठाएको थियो।

## निलम्बित मुख्यसचिव अर्याल ५० हजार धरौटीमा रिहा



**काठमाडौं** (अन्नपूर्ण) : विशेष अदालतले भ्रष्टाचार मुद्दाको आरोपमा निलम्बित मुख्यसचिव वैकुण्ठ अर्यालसँग धरौटी माग गर्ने आदेश गरेको छ। विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, न्यायाधीशहरू रामबहादुर थापा र रितेन्द्र थापाको आजको इजलासले अर्यालको बयानपछि ५० हजार धरौटी माग गर्ने आदेश गरेको विशेष अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीले जानकारी दिए। उनी ५० हजार धरौटी बुझाएर रिहा भएका छन्। रेग्मीले उक्त प्रकरणमा ७ जना अदालत उपस्थित भइसकेको र ५ जना उपस्थित हुन बाँकी रहेको जानकारी दिए।

» बाँकी पृष्ठ ६

# जटिल बन्दै बाघ संरक्षण

सन्दर्भ : बाघ दिवस

**यादव आचार्य** | *गुलरिया*



तस्बिर सौजन्य : मञ्जु महतारा

बाघ संरक्षणको विश्व प्रतिबद्धतामा बाजी मारेको नेपाललाई विस्तारै बाघको दिगो संरक्षणसँगै व्यवस्थापनतर्फ चुनौती थपिन थालेको छ। बाघ पाइने देशहरूले रुसको सेन्टपिटर्सवर्गमा सन् २०१० मा भएको सम्मेलनमा सन् २०२२ सम्म बाघको संख्या दोब्बर बनाउने प्रतिबद्धता गरे। सोहीअनुरूप नेपालले लक्ष्य त सहजै पूरा गऱ्यो तर दीर्घकालीन बाघ संरक्षण र व्यवस्थापनमा भने चुनौतीका चाङ छन्।

बाघ स्वस्थ जंगलको सूचक मानिन्छ। बाघ पाइने जंगल जैविक विविधताले पूर्ण मानिन्छन्। नयाँ बाघहरूले आफ्ना आधार क्षेत्रहरू बढाउँदै गएकाले उनीहरूको बासस्थान व्यवस्थापन गर्नु उत्तिकै जरुरी छ। निकुञ्जहरूमा बाघको संख्या उल्लेख्य मात्रामा बढेपछि मानव-बाघ द्वन्द्व चुलिएको छ। राजमार्गहरूमा सवारी दुर्घटनाका कारण बाघ मर्ने क्रम बढ्दो छ। आहाराको खोजीमा बाघहरू जंगल बाहिर निस्कँदा मानवीय क्षति बढेको छ। मानवीय आक्रमण गर्ने समस्याग्रस्त बाघहरू व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण छ। बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा.अशोककुमार रामले भने, ‘मानवीय आक्रमण गर्ने बाघ छोपेर राख्न धेरै कठिनाइ छ। खुला चिडियाखाना नहुँदा त्यस्ता बाघहरूलाई प्राकृतिक रूपमा राख्न समस्या पर्छ।’

बर्दिया राष्ट्रिय निकुञ्जसँग समस्याग्रस्त ६ वटा बाघहरू राख्न सक्ने क्षमता छ। हाल निकुञ्जका खोरहरूमा ४ वटा त्यस्ता बाघ छन्। बाघले प्राकृतिक रूपमा एक सातामा ५० किलोग्राम मासु आहाराका रूपमा खान्छ। खोरमा भएका बाघहरूलाई ३० किलो मात्रै खुवाइन्छ। व्यवस्थापन गर्नुपर्ने बाघको आहारा र पूर्वाधारहरूका लागि पर्याप्त बजेट छैन। संरक्षणमा काम गर्ने संघसंस्थालगायतको सहकार्यमा जसोतसो व्यवस्थापनको काम हुँदै आएको छ। प्रमुख रामले थपे, ‘खोरमा राखिएका बाघहरूलाई सरसफाइ, खुला ठाउँ, उपचार, अनुगमनलगायतको पाटोलाई गम्भीर रूपमा लिई काम गरेका छौं।’

निकुञ्जका खोरमा राखिएका ३ वटा र जंगलमा एउटा गरी गत वर्षसम्म ४ वटा पाटेबाघ मरेका छन्। बर्दिया राष्ट्रिय निकुञ्जमा १ सय २५ वटा पाटेबाघ छन्। यिनको संख्या बढ्दो क्रममा छ। ‘निकुञ्जमा यिनको आहारा प्रजाति ४० देखि ५० हजारको बीचमा छ। त्यो प्रशस्त हो। त्यसलाई दीर्घकालीन रूपमा स्थायित्व दिन बासस्थान, पानीको श्रोत व्यवस्थापनका कार्य गर्दै आइरहेका छौं’, उनले भने, ‘स्थानीय समुदायसँग सहकार्य गरी द्वन्द्व व्यवस्थापन, पीडितलाई राहत वितरणलगायत सचेतनाका कामहरू सँगसँगै गरिएको छ।’ गत वर्ष निकुञ्ज क्षेत्रमा मानव-बाघबीच खासै द्वन्द्व देखिएन। १ जना बाघको आक्रमणमा घाइते भए। सन् २०२५ सम्म फेरि बाघको गणना हुने उनको भनाइ छ। बर्दियाको मधुवन नगरपालिकामा अवस्थित भारतको कर्तनियाघाट वन्यजन्तु आरक्ष र बर्दिया राष्ट्रिय निकुञ्ज जोड्ने खाता जैविकमार्गलगायत जिल्लाका वन क्षेत्रमा बाघले धनजनको क्षति गर्दै आएको वन कार्यालय बर्दियाका वरिष्ठ अधिकृत द्रोणराज शर्माले बताए।

» बाँकी पृष्ठ ६